# भूमे साप्ताहिक

वर्ष ६ अङ्क ०२ २०८१ बैशाख २३ आइतबार


## सम्पादकीय

# आगलागी रोक्न सचेतना

गर्मीयामको शुरुवातसँगै जिल्लाका विभिन्न ठाउँमा फैलिएको आगलागीका कारण ठूलो क्षति पुगेको छ। जङ्गलमा लागेको आगोले गर्दा बोटविरुवा, जडिबुटी नष्ट हुनुका साथै वन्यजन्तु, चराचुरुङ्गी र सरीसृप प्रजातिका जीवहरुको बासस्थान मासिएको छ। कयौं जीवहरु आगोले जलेका छन्। आगलागीले मानवीय क्षति नभए पनि थुप्रै गोठहरु जलेका छन् भने कतै कतै घरपालुवा जनावर पनि जलेको खबर आइरहेका छन्। यसरी आगलागीबाट ठूलो क्षति भइरहँदा आगो नियन्त्रण गर्न निकै समस्या भइरहेको छ।

फागुनदेखि जेठसम्मको समयलाई वन डढेलोको याम भनेर चिनिन्छ। प्रायः यो अवधिमा वन डढेलोको प्रकोप देशभर अत्यधिक बढ्ने गरेको छ। जिल्लाका विभिन्न जङ्गलमा डढेलो लाग्ने क्रम रोकिएको छैन। गत चैत दोस्रो सातादेखि सुरु भएको डढेलोले जङ्गल सखाप पारेको छ। यस्तो जोखिमपूर्ण अवस्थाबाट बच्न समयमै सचेतना फैलाउने र आगलागी हुनै नदिने उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ। कतिपय अवस्थामा आगलागी आफै शुरु भए पनि कतै कतै जानी जानी हरियो घाँस पलाउँछ भन्दै आगो लगाउने गरेको पनि पाइन्छ। यस्ता कार्यलाई आपराधिक क्रियाकलाप नै हो भन्ने आम नागरिकलाई महसुस गराई त्यस्ता कुकार्यबाट रोक्नु पर्दछ। हामीले हाम्रो प्रकृति, वनजंगललाई जोगायौं भने मात्रै हामी पनि सुरक्षित हुन सक्छौं। त्यसैले जथाभावी आगलागी लगाउन नदिने आफू पनि सचेत बनौं र अरुलाई पनि सचेत बनाऔं।




प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# चुनबाङ जोड्ने चार वटा पुलको उद्घाटन




❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिका-९ चुनबाङ जोड्ने चार वटा मोटरेवल पुल एक साथ उद्घाटन गरिएको छ। प्रतिनिधि सभा सदस्य पूर्णबहादुर घर्ती मगरले गत बुधबार रिबन काटेर चार वटा मोटरेवल पुलको उद्घाटन गर्नुभएको हो।

प्रतिनिधि सभा सदस्य घर्ती मगरले तोकिएको समयमै निर्माण सेवा कम्पनीहरूले काम सम्पन्न गर्दा जिल्लाबाट राम्रो सन्देश गएको बताउनु भयो। उहाँले जिल्लाका अन्य विकास निर्माणका कामहरु सुरु भएर सुस्त गतिमा भइरहेका र अलपत्र परेका योजनाहरुलाई तदारुकताका साथ अघि बढाउन सरोकारवाला सबैलाई आग्रह गर्नुभयो। रुकुम पूर्वको हकमा सबैभन्दा पहिला ३१ वटै वडाका हरेक गाउँहरूमा सडक सञ्जाल पु-याउने भन्दै घर्तीले सडक सञ्जाल बिस्तार भएपछि अन्य विकासका काम गर्न सहज हुने पनि उहाँले बताउनु भयो।

जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठ र प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले पहिले दाङबाट सिमेन्ट बोकेर विकासका काम गर्नुपर्ने बाध्यता रहेको स्मरण गर्दै अहिले गाउँ गाउँमा सडक, पक्की पुल

लगायतका अन्य भौतिक संरचना निर्माण भइरहेको र यसबाट जिल्लावासीले विकासको फाइदा लिन जान्नुपर्ने बताउनु भयो। जिल्लाको विकट गाउँ मानिने चुनबाङ गाउँमा एकै पटक चार वटा मोटरेवल पुल उद्घाटन भएपछि गाउँपालिकाको केन्द्र र जिल्ला सदरमुकाम रुकुमकोटसम्म यातायात सेवा सहज हुने भएको छ।

चार वटा सडक पुल सडक पूर्वाधार विकास कार्यालय रुकुमपूर्वमार्फत् कार्यान्वयन भएको कार्यालय प्रमुख थमप्रसाद पाण्डेले बताउनु भयो। उहाँका अनुसार चालू आर्थिक वर्षको चैत महिनामा चार वटै सडक पुलको निर्माण कार्य सम्पन्न भएको हो। जसमा चुनबाङको बञ्चरे खोला सडक पुल, च्याङचुङ खोला (लङजुला) सडक पुल, च्याङचुङ खोला (लाखर) सडक पुल र च्याङचुङ खोला (च्याङचुङ) सडक पुल रहेका छन्। चार वटै सडक पुल तोकिएकै समयसीमाभित्र निर्माण भएको सडक पूर्वाधार विकास कार्यालय रुकुमपूर्वका प्रमुख पाण्डेले बताउनु भयो।

बञ्चरे खोला सडक पुल निर्माणको ठेक्का हिम शिखर हिरा सप्लासर्य ईन्जिनियरिङ जेभीले पाएको थियो। २५ मिटर लामो उक्त सडक पुल निर्माणका लागि जेभिले तीन करोड ९६ लाख २५ हजार रुपियाँमा २०७९ चैत ७ गते सम्झौता गरेको थियो भने २०७९ चैत २ गते च्याङचुङ खोला (लङजुला) सडक पुल निर्माणको लागि राजबिर निर्माण सेवा रोल्पासँग ठेक्का सम्झौता भएको थियो। तीन करोड ७१ लाख १५ हजार १५८ रुपियाँमा उक्त पुल निर्माणको लागि सम्झौता भएको थियो। उक्त पुलको लम्बाई १६ मिटर रहेको छ।

त्यस्तै च्याङचुङ खोला (लाखर) सडक पुलको ठेक्का कालापानी किरण जेभीले पाएको थियो। यो पुल निर्माणका लागि तीन करोड ३१ लाख चार हजार ५३२ रुपियाँमा ठेक्का सम्झौता भएको सडक पूर्वाधार विकास कार्यालय रुकुमपूर्वले जनाएको छ। १४ मिटर लामो उक्त सडक पुल निर्माणका लागि २०७९ चैत १२ गते उक्त सम्झौता भएको थियो भने २०७९ चैत १२ गतेकै दिन च्याङचुङ खोला (च्याङचुङ) सडक पुल निर्माणको लागि राजबिर निर्माण सेवा रोल्पासँग ठेक्का सम्झौता भएको थियो। तीन करोड ५२ लाख रुपियाँमा उक्त पुल निर्माणको लागि सम्झौता भएको थियो। उक्त पुलको लम्बाई १४ मिटर रहेको छ।

बञ्चरे खोलामा पुल निर्माण भएपछि दुईखोली–बाघमारा–चुनबाङ सडकखण्डमा जोडिएका छन् भने लङजुला, लाखर र च्याङचुङ खोलामा सडक पुल निर्माण हुँदा चुनबाङ-कोर्जा-महत सडकखण्ड जोडिएका छन्। पुल निर्माणपश्चात् यातायात सेवा सहज भएको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। अब भूमे गाउँपालिका वडा नम्वर ६ र ८ जोड्ने दोमइस्थित थबाङ खोलामा पुल निर्माण भएपछि चुनबाङवासीले रुकुमकोटसम्म सिधा सडक सेवा पाउन सक्नेछन्।

पक्की पुल उद्घाटन कार्यक्रममा रुकुम पूर्वबाट निर्वाचित संघीय सांसद् पूर्णबहादुर घर्ती मगर, जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति रोल्पाका प्रमुख सिता आचार्य, जिसस रुकुमपूर्वका उपप्रमुख मोहनबहादुर केसी, भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्मा, सडक पूर्वाधार विकास कार्यालय रुकुम पूर्वका कार्यालय प्रमुख थमप्रसाद पाण्डे लगायत जिल्लास्थित सरकारी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधि, निवर्तमान जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पत्रकार लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन सडक पूर्वाधार विकास कार्यालय रुकुमपूर्वका सूचना अधिकारी विकास गौतमले गर्नुभएको थियो।

# अरुलाई दोष दिएर देश बन्दैन- पूर्ण घर्ती

❖ **जयमान बुढा**

रुकुम पूर्व । प्रतिनिधि सभा सदस्य एवं माओवादी केन्द्रका नेता पूर्ण घर्तीले अरुलाई दोष देखाएर मात्रै देश नबन्ने बताउनु भएको छ। चौतर्फी विकासका लागि नागरिकदेखि उच्च पदस्थसम्मले आ-आफ्नो जिम्मेवारी इमान्दारितापूर्वक पूरा गरे मात्र देश विकास हुने घर्तीले बताउनु भयो। भूमे गाउँपालिका-९ चुनबाङमा निर्माण भएका चार वटा मोटरेवल पुलको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उहाँले यस्तो बताउनु भएको हो।

अहिले आम नागरिकदेखि राजनीतिक क्षेत्र तथा सरकार पक्ष र प्रतिपक्षबीच एक-अर्कालाई दोष दिने गरेको घर्ती मगरले बताउनु भयो। उहाँले भन्नुभयो, "अरुलाई दोष थुपारेर मात्र विकास निर्माण हुँदैन्। विकास निर्माण गर्नका लागि तथ्यमा आधारित रहेर गुण र दोषलाई छुट्याएर देश निर्माणमा लागौं।" कुनै व्यक्तिलाई के गरिस् भन्दा "उही उठाउँछु, उही बोक्छु" भनेझैं कुनै पनि व्यक्ति आफ्नो जिम्मेवारीबाट पञ्छिन नहुने उहाँले बताउनु भयो।

हरेक व्यक्ति कुनै न कुनै क्षेत्रको जिम्मेवारीमा छौं उक्त आफ्नो जिम्मेवारी इमान्दारका साथ पूरा गर्दै गएमा विकास आफै सहज तरिकाले अरुलाई दोष नदिइ अघि बढ्ने घर्ती मगरको भनाइ थियो। पूर्वाधार, स्वास्थ्य, शिक्षा, खानेपानी, विद्युत, सुशासन यी क्षेत्रमा सम्बन्धित जिम्मेवारी व्यक्तिले राम्रोसँग आ-आफ्नो काम पूरा गर्नु हुन सांसद् घर्ती मगरले आग्रह गर्नुभयो। काम गर्दा गर्दै आएका समस्यालाई सामाधान गर्नका लागि सम्बन्धित निकायलाई आग्रह तथा ध्यानाकर्षण गर्नुपर्ने उहाँले बताउनु भयो।

समस्या मात्र सिर्जना गर्नुभन्दा सामाधानका उपाय सिर्जना गर्दै काम पूरा गर्दै जानुपर्ने बताउनु भयो। सोच सकारात्मक सिर्जनशील बनाउँ, सबै जिम्मेवारी बनौं अरुलाई गाली गरेर नहुने घर्ती मगरले बताउनु भयो। जतिसुकै सरकार फेरबदल भए पनि सरकारले सबैको न्याय हुने भिजनलाई अघि सारेर काम गर्नु पर्ने बताउनु भयो।

# शिविरमार्फत् गाउँमै सेवा पाउँदा स्थानीय खुसी




❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकाले जनताको सहजताको लागि एकीकृत घुम्ती शिविर सुरु गरेको छ। एकीकृत घुम्ती शिविर गत बुधबारदेखि सुरु भएको छ।

स्थानीय नागरिकलाई सेवामा सहजता प्रदान गर्नका लागि शिविर सञ्चालन गरिएको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। पालिकाबासीको सहजताको लागि भूमे गाउँपालिकाले ल्याव, भिडियो एक्स-रेसहितको स्वास्थ्य सेवा, व्यवसाय दर्ता, व्यवसाय पत्र, व्यवसाय नवीकरण, स्वास्थ्य परीक्षण लगायतको सेवा एकीकृत घुम्ती शिविरबाट दिएको हो।

गाउँपालिकाबाट र एकीकृत घुम्ती शिविरबाट प्रवाह हुने सेवाहरुको बारेमा आवश्यक पर्ने कागजातको बारेमा जानकारी गराउने लक्ष्य रहेको भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल विकले बताउनु भयो। एकीकृत शिविरमा कृषि शाखाबाट १०० जना कृषकहरुले सेवा लिएका छन् भने विभिन्न प्रकारका औषधी वितरण गरिएको पशु शाखाका प्राविधिक भुपेन्द्र शाहीले बताउनु भयो।

त्यसैगरी महिलाहरुमा ल्याव, भिडियो एक्स-रेसहितको स्वास्थ्य सेवामा ओपिडी जाँच सेवामा १२८ जना, गर्भवतीहरुको लागि भिडियो एक्स-रे

सेवा २२ जना र पाठेघरको मुखको क्यान्सर जाँच गरेको स्वास्थ्य शाखाका प्रमुख उपेन्द्र यादवले बताउनु भयो। यस्तै वडा नम्बर १ लुकुम विकट क्षेत्र पन्चासेमा भएको शिविरमा ७८ जनाले स्वास्थ्य सेवा लिएका छन् भने पशु सेवा शाखाबाट १५ जनाले सेवा लिएका छन्। यस्तै वडा नम्बर ६ खाम्दै टोलमा पुगेर गाउँपालिकाले सेवा दिदा स्थानीयबासी निकै खुसी भएको बताए। उक्त टोलमा स्वास्थ्य सेवा १०७ जना, भिडियो एक्स-रे सेवा ३ जना र २४ जनाले ल्याव सेवा लिएको स्वास्थ्य शाखा प्रमुख यादवले बताउनु भयो। गाउँमै सेवा पाउँदा स्थानीय खुसी भएको देख्दा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु पनि सन्तुष्ट भएको प्रमुख प्रशासकीय अधिकृत देविलाल विकले बताउनु भयो।

# आगलागीबाट बच्न खाबाङमा कृत्रिम अभ्यास

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । गर्मी मौसमको शुरुसँगै जतातत्तै आगलागी हुन थालेपछि आगलागी नियन्त्रण गर्न भूकम्पबाट बच्न र बचाउन भूमे गाउँपालिकाको खाबाङबगरमा कृत्रिम अभ्यास गरिएको छ। नेपाल रेडक्रस सोसाइटीको आर्थिक सहयोग, भूमे गाउँपालिकाको समन्वय, डिभिजन वन कार्यालय रुकुम पूर्वको प्राविधिक सहयोग, जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व र जिल्ला प्रहरी कार्यलय रुकुम पूर्व नेपाली सेना, सशस्त्र प्रहरीको संयुक्त सहयोगमा आगलागी र भूकम्पसम्बन्धी कृत्रिम अभ्यास गरिएको हो।

हावाहुरीको समय र आगलागीका घटना भइरहने हुँदा अहिले जिल्लाभर आगलागी ब्यापक भएकोले त्यसबाट कसरी बच्ने भनेर कृत्रिम अभ्यास गरिएको नेपाल रेडक्रस सोसाइटी रुकुम पूर्वका अध्क्षय दामोदर गौतमले बताउनु भयो। खाबाङ बगरमा भएको कृत्रिम भए पनि घटनालाई वास्तविक जस्तै बनाएर आगलागीको कृत्रिम घटना गराई नियन्त्रणका लागि पूर्वअभ्यास गरिएको गौतमले बताउनु भयो।

प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी माधव प्रसाद शर्माले पहाडी क्षेत्रमा आगलागीको जोखिम धेरै रहेको र जिल्लाभर आगलागीबाट निकै ठुलो घटना भएकाले आगलागीबाट हुने घटना न्यूनीकरण गर्न उक्त कार्यक्रम गरिएको बताउनु भयो। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले आगलागी भएमा नआत्तिइ उद्दारमा लाग्नुपर्ने र जोखिम न्यूनीकरण, प्रतिकार्य, पूर्व तयारी हुँदा विपत भइहाले पनि छिट्टै नआत्तिकन उद्धारमा लाग्नुपर्ने बताउनु भयो। उक्त कार्यक्रममा तिनै वटै सुरक्षा निकायका प्रमुख लगायत स्थानीयको सहभागिता थियो।

# वनमा आगलागी, हावाहुरीले नियन्त्रण गर्न गाह्रो



❖ बालाराम शेर्पाली

रुकुम पूर्व । भूमे गाउँपालिकाको विभिन्न स्थानमा लागेको आगोले वन जङ्गलमा ठूलो क्षति पु-याएको छ। पछिल्लो समय रुकुम पूर्वको तिन वटै स्थानीय तह भित्र रहेका वन जङ्गलमा सल्केको आगोले गर्दा बोटविरुवा, जडिबुटी र वन्यजन्तुको बासस्थान नै मासिएको हो।

कतै एक हप्तादेखि त कतै दुई/तीन दिनदेखि वनमा लागिरहेको आगो नियन्त्रण गर्न नसकिएको स्थानीयबासीले बताएका छन्। यसरी हरेक वर्ष लाग्ने डढेलोले वन प्राकृतिक र मानवीय धनजनको ठूलो क्षति गर्दै आएको छ। डढेलोले जङ्गलमात्र नभएर मानव बस्तीलाई समेत जोखिममा पारेको छ। गत बर्ष भने खासै डढेलोका घटना नभए यस बर्षको चैत लागेसँगै भूमे गाउँपालिकाको सामुदायिक वनमा डढेलो लागेको छ। गत वर्षको तुलनामा यस वर्ष वनमा धेरै मात्रामा डढेलो लागेको छ। धेरैजसो सामुदायिक वनमै आगलागी भएको छ।

गत मंगलबार बेलुका भूमे गाउँपालिकाको वडा नम्बर ६ स्थित नौमक्चिडको भिरबाट शुरु भएर सानो लेकसम्म भीषण आगलागी हुँदा नियन्त्रणमा लिन स्थानीय जनप्रतिनिधि, डिभिजन कार्यालय,



वनमा पस्ने बित्तिकै सुनिने चराचुरुङ्गीको चिरबिर आवाज सुनिन छाडेको छ। बसन्त ऋतुको आगमनसँगै रङ्गीविरङ्गी चराका गुँड वनमा प्रशस्त भेटिन्थे। बालापनमा चराका गुँड हेर्न नजिकैको जङ्गलमा हेर्न जानेको लर्को देखिन्थ्यो। आजभोलि वनको रमाइलो घटेको छ। दिनहुँजसो वन क्षेत्रमा डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल कम भएको देखिन्छ। थरिथरीका चराचुरुङ्गीका जताततै देखिन्थे, यसो खोल्सीतिर पस्ने बित्तिकै थरिथरिका चराको चिरबिर सुनिन्थ्यो, केही दिनयता यी चरा देखिँदैनन्।

एक हप्ता अघि वडा नं. ५ डालिबाङमा लागेको आगो नियन्त्रणमा नआउँदा वन्यजन्तु पन्छी लगायत धेरै घर गोठमा क्षति भएको छ। शुक्रबार वडा नं. १ लुकुमको रुजी खोलादेखि लागेको आगो नियन्त्रण गर्न स्थानीय, जनप्रतिनिधि गाउँपालिकाका कर्मचारी, लुकुम प्रहरी, सशस्त्र प्रहरी लगायतको टोलीले प्रयास गरे पनि आगो नियन्त्रण हुन नसकेको छैन्। आगलागीबाट मानवीय तथा नजिकै उच्च जोखिममा रहेका घरगोठहरु क्षति हुनबाट जोगाइएको छ। मानव बस्तीतिर आगो नियन्त्रणमा भए पनि भिरतिरको आगो नियन्त्रण बाहिर रहेको बताइएको छ।

सुरक्षाकर्मी लगायतको सक्रिय उपस्थितिमा आगो नियन्त्रणमा लिएका थिए। तिव्र गतिमा हावाहुरी चल्दा वनमा आगलागी भएपछि फेरि आगो नियन्त्रण गर्न हम्मेहम्मे भएको स्थानीयले बताएका छन्। आगो नियन्त्रणमा लिन नसके पनि पर्यटकीय स्थल युद्ध स्मारिका, युद्ध स्मारिकामा रहेको नेपाल टेलिकमको टावर, सानो लेकमा रहेका बर्खे गोठहरु र वाइफाईको टावरलाई क्षति हुनबाट जोगाइएको प्रहरी पोष्ट महतका प्रहरी सहायक निरीक्षक बाबुराम भट्टराईले बताउनु भयो।

फागुनदेखि जेठसम्मको समयलाई वन डढेलोको याम भनेर चिनिन्छ। प्रायः यो अवधिमा वन डढेलोको प्रकोप देशभर अत्यधिक बढ्ने गरेको छ। जिल्लाका विभिन्न जङ्गलमा डढेलो लाग्ने क्रम रोकिएको छैन। गत चैत दोस्रो सातादेखि सुरु भएको डढेलोले जङ्गल सखाप पारेको छ।

# युवा स्वयंसेवक विकास परिचालन तालिम

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकामा युवा स्वयंसेवक विकास र २ दिने परिचालन कार्यक्रम सम्पन्न भएको छ। युवा स्वयंसेवक विकास कार्यक्रमले स्थानीय युवाहरूलाई आफ्नो गाउँघरमा भएका समस्या चुनौती विद्यमान समस्यालाई सहज बनाउन र जस्तोसुकै परिस्थितिमा युवालाई खटाउन उक्त कार्यक्रम गरिएको हो।

भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले युवा भनेको बिहानको उदाउँदो सूर्यको किरण भएको चर्चा गर्दै युवा वर्गले नयाँ सोच र प्रविधिको खोज अनुसन्धानमा लाग्नुपर्नेमा बताउनु भयो। देश नै युवाको काँधमा जिम्मेवारी आउन लागेको भन्दै अध्यक्ष श्रेष्ठले समयसँगै युवाको सोच, चिन्तन र काम गर्ने शैली पनि बदल्नु पर्नेमा जोड दिनुभयो। युवा उमेरले मात्रै नहुने भन्दै उहाँले प्रवृत्ति, दृष्टिकोण, जोश, जाँगर र हिम्मतमा पनि युवाको गुण हुनुपर्ने बताउनु भयो।

२ दिने युवा स्वयंसेवक परिचालन कार्यक्रममा विपद् तथा सामाजिक काममा युवाहरुले कसरी काम गर्न सक्छन् भन्ने बारेमा अभिमुखीकरण गरिएको थियो। गाउँमा अचानक बिरामी हुँदा, आगलागी लगायतका समस्या परेको बेला स्वयंसेवक युवाहरूलाई परिचालन गर्नेबारे तालिममा सिकाइएको राष्ट्रिय युवा परिषद्को प्रशिक्षक रविन्द्र विक्रम शाहले बताउनु भयो। दुर्गम पहाडी भेग र पिछडिएका समुदायमा युवाहरुले कसरी सहयोग गर्न सक्छन्? विपद् व्यवस्थापनमा कसरी खटिने? लगायतका विषयमा पनि छलफल गरिएको प्रशिक्षक शाहले बताउनु भयो। गाउँमा बेरोजगार रहेका युवाहरुलाई सामाजिक कार्यतर्फ आकर्षण गर्न पनि यस्ता कार्यक्रम फलदायी हुने उहाँले बताउनु भयो।

युवाहरुलाई प्रशिक्षित गर्न र स्थानीय तहमा युवा सशक्तिकरण गर्न राष्ट्रिय युवा परिषद्ले भूमे गाउँपालिकामा उक्त कार्यक्रम गरेको भूमे गाउँपालिका शिक्षा शाखा प्रमुख कौसल तिवारीले बताउनु भयो। दुई दिने तालिममा ९ वटै वडाका युवा क्लवमा आवद्ध ५/५ जना युवाहरु तालिममा सहभागी भएको तिवारीले जानकारी दिनुभयो। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्य रहेको तालिममा प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, गाउँपालिका शिक्षा शाखा प्रमुख कौसल तिवारीलगायतको आतिथ्यता रहेको थियो।


## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- डढेलोले वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ।
- वातावरणीय प्रदूषण बढाउँछ। भूक्षय बढाउँछ।
- पानीको मूल सुकाउँछ। त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

**भूमे गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

# झुम्लाबाङमा फलाम उत्खनन गर्न टेन्डर खुल्दै



❖ **भूमे समाचारदाता**

काठमाडौं । सरकारले रूकुम-पूर्वमा फलाम खानी उत्खनन गर्न टेन्डर खुलाउने तयारी गरेको छ। खानी तथा भूगर्भ विभागले गरेको अध्ययनबाट रूकुम-पूर्वको भूमे गाउँपालिका-३ स्थित झुम्लाबाङ क्षेत्रमा फलाम खानी भएको तथ्य खुलेपछि उत्खननको लागि प्रक्रिया अघि बढाउन थालिएको हो।

यो क्षेत्रमा ठूलो मात्रामा फलाम खानी भएको प्रारम्भिक अध्ययनका आधारमा विभागले गत वर्षदेखि ६ वर्ग किलोमिटर क्षेत्रलाई आधार बनाएर सर्भे गर्ने तथा परीक्षण गर्ने काम गरेको थियो। विभिन्न चरणमा गरिएको अध्ययन र नमूना परीक्षणबाट खानी रहेको पुष्टि भएपछि उत्खननको लागि टेन्डर आह्वान गर्न थालिएको विभागले जनाएको छ। लगानी सम्मेलनको पूर्वसन्ध्यामा विभागले देशकै ठूलो फलाम खानी उत्खननको लागि टेन्डर खुलाउने भएको हो। सरकारले वैशाख १६ र १७ गते हुने लगानी सम्मेलनमा यो खानी क्षेत्र सोकेस गर्दैछ।

खानी तथा भूगर्भ विभागले उल्लेख गरिएको स्थानमा ठूलो खानी रहेको र सम्बन्धित खानीमा फलामको मात्रा तुलनात्मक रूपमा धेरै देखिएपछि

थप प्रक्रिया अघि बढाउन थालेको जनाएको छ। 'धेरै पटक फिल्ड भिजिट गरिएको छ। सर्भेसँगै नमूना परीक्षणहरू गरिएको छ। त्यो क्षेत्रमा फलामको मात्रा धेरै देखिएको छ,' विभागका महानिर्देशक रामप्रसाद घिमिरेले भन्नुभयो, 'ड्रिलिङ गर्ने बाहेकको अरू सबै पूर्व तयारीको काम गरिएकाले फलाम खानी सञ्चालन गर्न सकिने आधार देखियो। त्यसैले उत्खननको लागि नोटिस निकाल्न थालेका हौं।'

विभागका सिनियर डिभिजनल जियोलोजिस्ट नारायण बाँस्कोटाका अनुसार ६ वर्ग किलोमिटरलाई मात्रै आधार बनाउँदा २० करोड टन फलाम रहेको अनुमान गरिएको छ। विभागले ड्रिलिङ नगरी (खानी क्षेत्रको माथिल्लो भागको) ११ सयभन्दा बढी नमूना संकलन गरेर परीक्षण गरिरहेको छ। यी नमूनामध्ये एक सयको परीक्षण सकिसकेको उहाँले जानकारी दिनुभयो। यस आधारमा फलामको मात्रा राम्रो देखिएको पुष्टि विभागले गरेको छ।

एक सय नमूना परीक्षणको क्रममा ४५ प्रतिशत औसत 'टोटल फी' देखिएको छ। यो भनेको सम्बन्धित क्षेत्रमा रहेको फलामे ढुंगामा रहेको फलामको मात्रा हो। बाँस्कोटाले नेपालको परीक्षणमा ४५ प्रतिशतको टोटल फी धेरै राम्रो भएको बताउनु भयो। उहाँका अनुसार नवलपरासीको धौवादीमा ३५/३६ प्रतिशत मात्रै टोटल फी छ। भारतको सबभन्दा ठूलो फलाम खानी क्षेत्र झारखण्डमा ५० प्रतिशतसम्म यस्तो मात्रा छ। ३० प्रतिशत माथिको मात्रा देखियो भने खानी सञ्चालन गर्न उपयोगी मानिन्छ।

रूकुम-पूर्वको खानीको हकमा माथिल्लो भागमा नै ४५ प्रतिशतभन्दा धेरै फलामको मात्रा देखिएको कारणले बीच भागमा अझ धेरै फलामको अनुपात हुन सक्ने सम्भावना देखिन्छ। 'ड्रिलिङ नै नगरेको अवस्थामा ४५ प्रतिशत टोटल फी देखिएको छ। लगानी सम्मेलनको क्रममा हामीले यहाँको सम्भावनाका विषयमा लगानीकर्तालाई जानकारी गराउँछौं। राम्रो सम्भावना भएकोले लगानीकर्ताले उत्खननको लागि टेन्डर हाल्ने विश्वास छ,' बाँस्कोटाले भन्नुभयो।

नेपालमा धेरै ठाउँमा फलाम खानी रहेको प्रारम्भिक अनुमान रहे पनि विस्तृत अध्ययन गर्न सकेको छैन। फलामखानी खोजतलासी गर्नका लागि हालसम्म २५ वटा लाइसेन्स जारी गरिएको छ। त्यस्तै, फलामखानी उत्खननको लागि एउटा मात्रै लाइसेन्स दिइएको छ।

सरकारले २०७२ मा नवलपरासीमा धौवादी फलाम खानी पत्ता लगाएको थियो। यो फलाम खानी उत्खनन गरी सञ्चालनमा ल्याउन २०७६ सालमा सरकारको ५५ प्रतिशत र निजी ४५ प्रतिशत सेयरमा १० अर्ब पुँजीको 'धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरेको थियो। १५ करोड मेट्रिक टन फलाम रहेको अनुमान गरिएको यो खानी अझै पनि उत्खनन भने हुन सकेको छैन।

नेपालले हाल कच्चा फलाम भारत लगायतका देशबाट आयात गरेर फलामजन्य सामग्री उत्पादन गरिरहेको छ। यस्तो अवस्थामा समेत नेपालबाट सबभन्दा धेरै निर्यात हुने वस्तुको सूचीमा फलाम तथा स्टिलजन्य सामग्री पर्छन्। चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा ११ अर्ब बढीको फलाम तथा स्टिलजन्य सामग्री निर्यात भएको छ।

# भूमेमा गाउँपालिका स्तरीय युवा सम्मेलन

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । राष्ट्रिय युवा परिषद्को सहयोग तथा भूमे गाउँपालिकाको आयोजनामा गाउँपालिकाभित्र रहेका १६ देखि २४ बर्ष उमेर समुहका युवालाई भेला गरेर युवा सम्मेलन गरिएको छ। राष्ट्रिय युवा परिषद् रुकुम पूर्वको समन्वय तथा भूमे गाउँ कार्यपालिकाको आयोजनामा खाबाङ बगरमा गाउँपालिका स्तरीय युवा सम्मेलन सम्पन्न भएको हो।

सम्मेलनपछि 'समृद्ध नेपालका लागि स्वास्थ्य, कर्मठ र उद्यमी युवा' भन्ने नाराका साथ युवामैत्री भूमे गाउँपालिका निर्माण गर्न युवाहरुले १३ बुँदे घोषणापत्र भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठलाई बुझाएका छन्।

उक्त कार्यक्रममा सडक, स्वास्थ्य, हकहित संरक्षण र भविष्य सुनिश्चित गर्न युवालाई उद्यमी बनाउन युवा स्वयंसेवा गर्न प्रतिबद्ध र युवामैत्री गाउँपालिका बनाउन आवश्यक सूचकाङ्क पूरा गरी ०८०/८१ भित्र युवामैत्री पालिका घोषणा गरिनुपर्ने, खेलकुद र मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र थप प्रभावकारी बनाउन खेलमैत्री वातावरण, खेलमैदान, खेलकुद सामग्री र अनुभवी प्रशिक्षकको व्यवस्था गरिनुपर्ने, विद्यार्थीको आवश्यकता बुझेर शिक्षा गुणस्तर बनाउनको लागि लागि पर्नुको साथै शिक्षामा जोड दिनु पर्ने र किसानलाई मर्म बुझेर बीउ बिजन, कृषि सामग्रीको उचित समयमा व्यस्थापन गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको थियो।

भूमे गाउँपालिकाभित्रका विद्यालय अव्यवस्थित रहेको र शिक्षकले विद्यालय हाताभित्र सुर्तीजन्य पदार्थ सेवन गरेको, मादक पदार्थ, लागुऔषध खाएर विद्यालय आउँदा शिक्षामा असर परेको युवा सम्मेलनमा विषय उठाउँदै त्यसलाई नियन्त्रण गर्न स्थानीय सरकारको ध्यानाकर्षण गराएका थिए।

पछिल्लो समय भूमे गाउँपालिकाले युवालाई अगाडि बढाउनको लागि कहिले युवा गाउँ सभा अभ्यास लगायत विभिन्न कार्यक्रम गरेर युवाहरुको भावना बुझेर अगाडि बढी रहेको छ। युवाको माग र समस्यालाई सम्बोधन गरेर अगाडि बढ्ने भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले बताउनु भयो।

# सहिद परिवार समाजको अध्यक्षमा केसी

रुकुम पूर्व । जनयुद्धका महान् सहिद परिवार समाज नेपाल रुकुम पूर्वको प्रथम जिल्ला अधिवेशन भूमे गाउँपालिकाको केन्द्र खाबाङ बगरमा भएको छ। समाजको प्रथम अधिवेशनले जीवन केसीको नेतृत्वमा सात सदस्यीय सहिद परिवार समाज रुकुम पूर्वको जिल्ला समिति गठन गरेको हो।

रुकुम पूर्वमा रहेको तिन वटै गाउँपालिकाबाट प्रतिनिधित्व हुने गरी गठन गरिएको कार्यसमितिमा सिस्ने गाउँपालिकाबाट अध्यक्ष जीवन केसी, भूमे गाउँपालिकाबाट उपाध्यक्ष नरबहादुर बुढा र कोषाध्यक्ष नमिता पुन र पुथाउत्तरगंगा गाउँपालिकाबाट महासचिवमा थपनबहादुर पुन चयन हुनुभएको हो।

त्यस्तै भद्री थापा, नमिता पुन बुढा र जेयुदेवी बुढा सदस्य रहनुभएको छ। अधिवेशनमा नेकपा माओवादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य रामसुर बुढा, पार्टीका जिल्ला संयोजक कुमारी बराल, पार्टीका प्रदेश सल्लाहकार देवबहादुर बुढा लगायतको उपस्थिति रहेको थियो। सहिद परिवारका ज्येष्ठ नागरिक मनबहादुर बुढाको अध्यक्षतामा अधिवेशन भएको हो।

# भेडा बाख्रालाई पीपीआर खोप

रुकुम पूर्व । भूमे गाउँपालिका-९ चुनबाङस्थित लाखरखोलामा भेडा बाख्रालाई पीपीआर खोप लगाइएको छ। ३ महिनादेखि माथिका सबै भेडाबाख्राहरुमा खोप लगाइएको हो।

वडामा रहेका भेडाबाख्रामा खोप लगाउने कार्यक्रम रहेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका चुनबाङमा कार्यरत नायव पशु सेवा प्राविधिक कमल केसीले जानकारी दिनुभयो। साना पाठापाठी र गर्भेनी बाख्रामा भने खोप लगाउन नमिल्ने प्राविधिक केसीले बताउनु भयो।

राष्ट्रिय पीपीआर रोग नियन्त्रण कार्यक्रमअन्तर्गत खोप लगाइएको हो। चुनबाङमा साबिकका ६/७ वडा गरि करिब ३५ जना किसानका ४७६ बाख्रा र ५६ वटा भेडालाई खोप लगाइएको प्राविधिक केसीले जानकारी दिनुभयो। निःशुल्क रुपमा खोप लगाउन पाउँदा भेडा बाख्रापालक किसानहरु खुसी भएका छन्।

# समुदाय-प्रहरी साझेदारी

रुकुम पूर्व । भूमे गाउँपालिकाको दुई वडामा समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत इलाका प्रहरी कार्यलय चुनबाङ रुकुम (पुर्वी भाग) बाट प्रहरी हवल्दार शंकर पुनको कमाण्डमा खटिएको प्रहरी टोलीले भूमे गाँउपालिका वडा ९ गैरीगाउँमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।

चुनबाङमा स्थानीय भद्रभलादमी, बुद्धिजीवी, महिला, युवालगायत अन्य व्यक्तिहरुको सहभागितामा आधारभूत सुरक्षा कानून तथा सामाजिक अपराधसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको हवल्दार शंकर पुनले बताउनु भयो।

यस्तै अस्थायी प्रहरी पोष्ट वडा नम्बर ६ स्थित महतमा प्रहरी सहायक निरीक्षक बाबुराम भट्टराईको कमाण्डमा खटिएको प्रहरी टोलीले महत गाउँमा वनजंगल तथा गाउँघरमा आगलागी भएमा अपनाउनु पर्ने सावधानी सम्बन्धी र लागुऔषध रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको प्रहरीले जनाएको छ।

प्रहरीले जनचेतनामूलक कार्यक्रम लिएर गाउँ गाउँमा जाँदा स्थानीयबासीसँग सम्बन्ध बलियो हुने प्रहरी सहायक निरीक्षक भट्टराईले बताउनु भयो।

# थबाङ खोलाको निर्माणाधीन पुल अलपत्र



❖ बालाराम शेर्पाली

रुकुम पूर्व । भूमे गाउँपालिका- ६ मा रहेको थबाङ खोलामा निर्माणाधीन पक्की पुल अलपत्र परेको छ। आयोजनाको जिम्मा लिएको निर्माण व्यवसायी नै सम्पर्कविहीन भएपछि पुल निर्माणको काम अलपत्र परेको हो।

पुस्पान्जली/पीएस/सुरत जेभी, नौबस्ता, बाँकेले १८ महिनामा निर्माण सम्पन्न गर्ने गरी ठेक्का लिएको थियो।सो आयोजना भ्याट र पीएस सहित ३ करोड ४४ लाख ६६ हजार ९ सय ७५ रुपैयाँमा २०७८ भदौ २५ गते ठेक्का सम्झौता भएको थियो। उक्त सम्झौता बमोजिम २०७९ फागुन २५ गते काम सम्पन्न गर्नुपर्ने थियो। चुनबाङ-महत-खाबाङ बगर जोड्ने थवाङ खोला मोटरेबल पुलको काम नगरेर ठेकेदार सम्पर्कविहीन भएपछि पुलको निर्माण कार्य अलपत्र परेको छ। पुलको निर्माण गर्ने समयको म्याद सकिएको एक बर्ष वितिसक्दा पनि निर्माण कार्य ठप्प रहेको छ। पुल निर्माणको काम समयमै किन भएन भनेर जिज्ञासा राख्दा पुस्पान्जली/पीएस/सुरत जेभी, नौबस्ता, बाँकेका मालिकले सन्चारकर्मीलाई धम्की दिएका छन्। उनले मेरो कामको बारेमा बुझ्न खोज्ने तँ को होस्, किन फोन गरिस् लगायत अपशब्द प्रयोग गरेका थिए। पुलको एउटा मात्रै पिल्लर ठड्याइएको छ। स्थानीयबासीले पुल निर्माणको काम छिटो काम गर्न माग गरेका छन्।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. संयुक्त राष्ट्रसङ्घले क्लाइमेट प्रोमिस (जलवायु प्रतिज्ञा) २०२५ कहिले सुरु गरेको हो ?**

≅ विसं २०८१ वैशाख ११ (यो पेरिस सम्झौतामा निर्धारित तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्नबाट रोक्न संयुक्त विश्वव्यापी प्रयास हो। राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको नेतृत्वमा यो पहल सुरु भएको हो।

**२. नेपाल तेक्वान्दो सङ्घले वर्षका उत्कृष्ट खेलाडीका रूपमा कसलाई सम्मानित गऱ्यो ?**

≅ पलेशा गोवर्धन (विसं २०८१ वैशाख) वर्ष उत्कृष्ट प्रशिक्षक कविराज नेगी लामा।

**३. छिन्नलता गीत पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ गीत रचना वीरेन्द्र पाठक, सङ्गीत चण्डी काफ्ले र गायन मनिला सोताङ (छिन्नलता गीत पुरस्कार गुठीले २०८० सालको लोकप्रिय युवा प्रतिभा पुरस्कार भुपु पाण्डेलाई प्रदान गरेको छ भने २०७९ सालका लागि गीत पुरस्कार भूषण खरेल (गीत रचना), मनराजा नकर्मी (सङ्गीत) र शिव परियार (गायन) लाई प्रदान गरिएको छ। लोकप्रिय युवा प्रतिभा पुरस्कार मेनुका पौडेललाई दिइएको छ।

**४. गोरखाको नुब्री क्षेत्रलाई अहिंसा उपत्यका घोषणा कहिले गरिएको हो ?**

≅ विसं २०८१ वैशाख ८ (सेराङ गुम्बा र चुमनुब्री गाउँपालिकाको संयुक्त पहलमा नुब्री क्षेत्रलाई अहिंसा उपत्यका घोषणा गरिएको हो। अहिंसा क्षेत्र घोषणा भएपछि यस क्षेत्रमा घरपालुवा तथा जङ्गली जनावर काटमार गर्न निषेध गरिएको छ।)

**५. नेपालको पहिलो महिला उपकुलपति को हुनुभयो ?**

≅ भूषण श्रेष्ठ (सुदूरपश्चिमाञ्चल विश्वविद्यालय)

**६. अल्बर्ट आइस्टाइन फाउन्डेसनले तयार पारेको सूचीमा विश्वव्यापी दूरदृष्टि राख्ने संसारका एक सय व्यक्तिमा पर्ने नेपाली को हुनुहुन्छ ?**

≅ डा. सन्दुक रुइत

**७. नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ रङ्गमञ्चतर्फ नाट्यकर्मी तथा अभिनेता हरिहर शर्मा, शास्त्रीय सङ्गीततर्फ सङ्गीत साधक चन्दनकुमार श्रेष्ठ, सङ्गीततर्फ गायिका तारा थापा, नृत्यतर्फ जोगेन्द्र केसी, नाटकतर्फ नाट्यकर्मी गोपाल देवान, लोक सङ्गीततर्फ बमबहादुर कार्कीलाई प्रदान गरिएको थियो। सो अवसरमा संस्थागततर्फ नृत्य निर्देशक सङ्घ नेपाल, माला आर्ट्स एकेडेमी र सांस्कृतिक समाज नेपाल सम्मानित भएका छन्। व्यक्तिगततर्फ नृत्यकर्मी नारायणीदेवी प्रधान, राधेश्याम प्रधान, केपी पौडेल, रङ्गकर्मी वीरेन्द्र हमाल, गायक रामकृष्ण दुवाल, जनपक्षीय गायक भीम मल्ल कुमाखी, प्राज्ञ माधव प्रधान, सङ्गीतकर्मी सङ्गीता प्रधान, विष्णु अधिकारी र रूपकुमार राई, गायिका कुन्ती मुक्तान, नाट्यकर्मी अविनाश श्रेष्ठ र बद्री अधिकारी एवं नाटक निर्देशक अशेष मल्ल लगायतलाई सम्मान गरिएको छ।

**८. तनहुँको आँबुखैरेनी गाउँपालिका र चीनको साओसान सहरबिच भगिनी सम्बन्ध कहिले भएको हो ?**

≅ विसं २०८१ वैशाख १२

***संकलनः टङ्क केसी, गोरखापत्रबाट***

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔँ ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौँ ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौँ, आफ्नो घर आँगन सफा राखौँ र फोहरको उचित व्यवस्थापन गरौँ ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौँ ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔँ ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔँ, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔँ ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौँ ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौँ र गराऔँ ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौँ ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔँ ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौँ ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौँ ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौँ ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौँ ।
- प्लास्टिक जथाभावी नफालौँ, प्लास्टिकको न्यून प्रयोग गरौँ, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौँ ।